प्रमाणित

आज मिति २०७७।३।२७ गते शनिवारको दिन यस गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगर ज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाका देहाय वमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय वमोजिमका प्रस्तावहरुमाथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मंगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्दबहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लालबहादुर स्याङतान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर बहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुधकुमारी ठकुरी | |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | |
| १९ | कार्यपालिका सदस्य | श्री भगवती श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीता माया थापा | |

सहायक कर्मचारी :- सुरेश कुमार बराल

कार्यपालिकाको वैठकले देहायवमोजिमका प्रस्तावहरु अनुमोदनका लागि सातौं गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्तावहरु:-

१. आ.व. ०७७।७८ नीति कार्यक्रम तथा वजेट अनुमोदन गरी सार्वजनिक गर्ने सम्बन्धमा।
२. आ.व. ०७७।७८ को आय व्यय विवरण अनुमोदन गर्ने सम्बन्धमा।
३. आर्थिक ऐन, २०७७ र विनियोजन ऐन,२०७७अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. ०७६।७७ मा सम्पादन भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. आ.व.०७६।७७ को खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
६. चालु तर्फको रकामान्तर अनुमोदन सम्बन्धमा ।
७. स्थानिय दररेट निर्धारण गरी अनुमोदनका गर्ने सम्बन्धमा ।
८. अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
९. स्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
१०. योजना तथा कार्यक्रमको म्याद थप सम्बन्धमा ।

निर्णयहरु

आगामी सातौं गाउँसभाको दोस्रो वैठकमा देहाय वमोजिमको निर्णयहरु अनुमोदनका गर्ने ।

१.मिति २०७७।३।१० गते सातौं गाउँसभाको पहिलो वैठकमा पेश भई छलफल सम्पन्न भएको आ.व. ०७७।७८ को नीति कार्यक्रम तथा वजेट अनुमोदन तथा सार्वजनिक गर्ने ।

२.आ.व.०७६।७७ को अनुसुची १ वमोजिमको पुँजीगत, चालु, शसर्त,राजश्व बाँडफाँड तथा अन्य आय व्यय विवरण पेश गर्ने ।

३.आर्थिक ऐन, २०७७ र विनियोजन ऐन,२०७७ पेश गर्ने ।

४.आ.व. ०७६।७७ मा वडा समिति, वडा कार्यालय, कार्यपालिका, न्यायिक समिति, विषयगत समिति, तथा शाखा र गाउँपालिकावाट सम्पादन भएका निर्णयहरु अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

५. आ.व.०७६।७७ मा पुंजीगत, चालु, शसर्त, राजश्व वाँडफाँड, तथा अन्य सम्पूर्ण शीर्षकमा भएको रकम अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

६. चालु खर्च अन्तरगत पदाधिकारी सुविधा, बैठक लगायत अन्य शिर्षकमा अपुग खर्चमा भएको रकम रकमान्तर गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

७. न्यूनतम दररेट निर्धारण समितिले यस गाउँपालिका भित्र भाडा, ढुवानी निर्माण सामाग्री ज्याला लगायतको न्यूनतम दररेट निर्धारण गरेको निर्णय अनुमोदनका लागि पेश गर्ने ।

८. आ.व.०७७।७८ अवधिभित्र को कुनै योजना तथा कार्यक्रममा कुनै निकायवाट गाउँपालिकालाई रकम प्राप्त भए वा विद्यमान वजेटमा रकमान्तर गर्नुपर्ने भए वा एकमुष्ट रकम विस्तृतिकरण गर्नुपर्ने भए सो गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

९. स्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप ~~गरी~~ गर्न अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१०. आ.व.०७६।७७ मा सम्पन्न हुन नसकेका वडा नं. १ वडा कार्यालय र वडा नं. ९ को वडा कार्यालयकोयोजनाहरुको आ.व. ०७७।०७८ का लागि म्याद थप गरी गाउँसभामा पेश गर्ने